बीमा दावी भुक्तानी मार्गदर्शन (दोस्रो संशोधन), २०७९

स्वीकृत मिति : २०७९।१०।१२

प्रस्तावना: बीमा दावी भुक्तानी मार्गदर्शन, २०७६ लाई समयसापेक्ष संशोधन गर्न वाञ्छनीय भएकोले, बीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका मार्गदर्शन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी मार्गदर्शनको नाम "बीमा दावी भुक्तानी मार्गदर्शन (दोस्रो संशोधन), २०७९" रहेको छ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ ।

२. बीमा दावी भुक्तानी मार्गदर्शन, २०७६ को दफा ८ मा संशोधन: बीमा दावी भुक्तानी मार्गदर्शन, २०७६ (यसपछि "मूल मार्गदर्शन" भनिएको) को दफा ८ को उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (३) थप गरिएको छ:-

"(३) उपदफा (२) बमोजिमको कार्यविधिमा साना दावी फछ्यौंटका सम्बन्धमा देहायको व्यवस्था गर्नुपर्नेछ:-

(क) निर्जीवन बीमा तर्फ रु. २ लाख सम्मको दाबीलाई सानो दावी मानी यथाशीघ्र फछ्यौंट गर्नुपर्नेछ ।

(ख) बाली, पशुपन्छी, कृषि तथा लघु बीमा तर्फ रु. ५०,०००/- (पचास हजार) सम्मको दाबीलाई सानो दावी मानी यथाशीघ्र फछ्यौंट गर्नुपर्नेछ ।

(ग) खण्ड (क) र खण्ड (ख) मा उल्लेख भएको अंक सम्मको दावी भुक्तानीको लागि न्यूनतम प्रमाणहरु प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र फछ्यौंट गरि सक्नुपर्नेछ ।

(घ) बीमकले प्रमाणहरु संकलन गर्न वा बीमितलाई सम्पर्क गर्न गरेको पत्राचारको प्रमाण संलग्न राख्नु पर्नेछ ।"

३. मूल मार्गदर्शनको दफा १८ मा संशोधन: मूल मार्गदर्शनको दफा १८ को उपदफा (२) पछि देहायको उपदफा ३ थपिएको छ:-

"(३) बीमकले दावी भुक्तानीको त्रैमासिक विवरण प्रत्येक तीन महिना समाप्त भएको मितिले पन्ध्र दिन भित्र अनुसूची-३ बमोजिमको ढाँचामा प्राधिकरण समक्ष प्रतिवेदन बुझाउनु पर्नेछ।"

४. मूल मार्गदर्शनको अनुसूची २ पछि अनुसूची ३ थप : मूल मार्गदर्शनको अनुसूची-२ पछि देहायको अनुसूची -३ थपिएको छ:-

## अनुसूची-३

## बीमा दावी भुक्तानीको त्रैमासिक विवरण

| बीमा व्यवसाय | तीन वर्ष अगाडीको दावीको अवस्था | | दुई वर्ष अगाडीको दावीको अवस्था | | एक वर्ष अगाडीको दावीको अवस्था | | पछिल्लो तीन महिनाको दावीको अवस्था | | हाल सम्मको जम्मा दावी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम | भुक्तानी गर्न बाँकी संख्या | भुक्तानी गर्न बाँकी रकम |
| निर्जीवन बीमा | | | | | | | | | | |
| अग्नी/सम्पत्ति | | | | | | | | | | |
| मोटर | | | | | | | | | | |
| सामुन्द्रीक | | | | | | | | | | |
| इन्जिनियरिङ्ग तथा ठेकेदार जोखिम | | | | | | | | | | |
| हवाई | | | | | | | | | | |
| विविध | | | | | | | | | | |
| कृषि तथा पशुपन्छी | | | | | | | | | | |
| लघु | | | | | | | | | | |
| अन्य | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |
| जीवन बीमा | | | | | | | | | | |
| आजीवन जीवन बीमा | | | | | | | | | | |
| अग्रीम भुक्तानी जीवन बीमा | | | | | | | | | | |
| सावधिक जीवन बीमा | | | | | | | | | | |
| रुपान्तरित सावधिक जीवन बीमा | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |
| म्यादी जीवन बीमा | | | | | | | | | | |
| क)सामान्य म्यादी (वैदेशीक रोजगारी) जीवन बीमा | | | | | | | | | | |
| अन्य म्यादी जीवन बीमा | | | | | | | | | | |
| अन्य जीवन बीमा भएमा.... | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | |